# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ५** **सङ्ख्या : ६** **मिति : साउन १०, २०७९**

# भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

## कोशेली घर (बिक्री केन्द्र) सञ्चालन कार्यविधि, २०७९

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७९ असार १७ गते**

उर्लाबारी नगरपालिका

**१. प्रस्तावना :**

उर्लाबारी नगरपालिको स्थानीय स्रोत, सिप, प्रविधि र साधन प्रयोग गरि स्थानिय उधमशिलता मार्फत उत्पादित हस्तकला, घरेलु उधोगबाट उत्पादित सामग्री र अन्य सामग्रीहरु समेतको बिक्री वितरण गर्न, बजारीकरण गर्न सिप सिकेकाहरुलाई उत्पादनमा थप प्रोत्साहन गर्न, स्वरोजगार बनाउन, बान्छनिय भएकाले उर्लाबारी नगरपालिकाको साझेदारीमा कोशेली घर (बिक्री केन्द्र) सञ्चालन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम यो कोशेली घर (बिक्री केन्द्र) सञ्चालन कार्यबिधि, २०७९ निर्माण गरीएको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भ :**

२.१. यस कार्यविधिको नाम "कोशेली घर (बिक्री केन्द्र) सञ्चालन कार्यबिधि, २०७९" रहेको छ ।

२.२. यो कार्यविधी उर्लाबारी नगर कार्यपालिकाले स्वीकृत गरे पछि लागु हुनेछ ।

**३. परिभाषा :**

३.१.विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "नगरपालिका" भन्नाले उर्लाबारी नगरपालिका भन्ने बुझ्नु पर्दछ ।

(ख) "साझेदार" भन्नाले नगरपालिकाको साझेदारीमा सञ्चालन गरिने कोशेली घर (बिक्री केन्द्र) सञ्चालन कार्यमा सहयोग गर्ने संस्था (नगरपालिकाद्धारा प्रबर्द्धन गरिएको) वा व्यक्ति भन्ने सम्झनु पर्दछ ।

उर्लाबारी नगरपालिका

(ग) “उद्यमी” भन्नाले स्थानिय सीप, प्रबिधि, श्रोत साधनको प्रयोग गरि उत्पादित सामग्री हेण्डिक्राफ्ट तथा स्थानीय उत्पादन सम्वन्धि अन्य व्यवसायमा संलग्न व्यक्ति वा समुह भन्ने बुझ्नु पर्दछ ।

(घ) “कोशेली घर (बिक्री केन्द्र) ” भन्नाले उद्यमीहरुले उत्पादन गरेका वस्तुहरु विक्रि वितरण गर्नका लागि खोलिएको पसल भन्ने सम्झनु पर्दछ ।

(ङ) “वस्तु” भन्नाले व्यवसायिहरुले उत्पादन गरेको हेण्डिक्राफ्ट सम्वन्धि सामान समेतलाई  जनाउँछ ।

(च) “क्रेता” भन्नाले कोशेली घर (बिक्री केन्द्र) मा उपलव्ध वस्तु वा सेवा खरिद गर्ने व्यक्ति वा समुह सम्झनु पर्दछ ।

(छ) “सेवा” भन्नाले कोशेली घर (बिक्री केन्द्र) वाट प्रवाह गरिने सम्पूर्ण सेवाहरू सम्झनु पर्दछ ।

(ज) “समिति” भन्नाले कोशेली घर (बिक्री केन्द्र) सञ्चालन समिति भन्ने सम्झनु पर्दछ ।

**४. कार्यविधीको उदेश्य:**

४.१.घरेलु कपडा तथा हेण्डिक्राफ्ट र स्थानीय उत्पादनसंग सम्वद्ध व्यवसायिहरुलाई आवस्यक पर्ने कच्चा पदार्थहरु सुलभ मुल्यमा उपलव्ध हुने वातावरणको श्रृजना गर्ने,

४.२.उल्लेखित व्यवसायहरुमा संलग्न व्यवसायिहरु, श्रमिकहरुलाई आफ्नो श्रमको उचित मुल्य पाउने वातावरणको सृजना गर्ने,

४.३.उल्लेखित व्यवसायहरुमा संलग्न व्यवसायिहरुले उत्पादन गरेको वस्तुहरुको प्रवर्द्धन तथा वजारीकरणमा सहयोग गर्ने,

उर्लाबारी नगरपालिका

४.४.उल्लेखित व्यवसायहरुमा नगरका न्यून आय भएका, आर्थिक रुपमा कमजोर रहेका महिला, दलित, आदिवासी जनजाती, अल्पसङख्यक, सिमान्तकृत, पिछडिएका समुदाय तथा युवाहरुको संलग्नता अभिवद्धि गरि उनिहरुको जिबिकोपार्जनमा सहयोग पुर्‍याउने ।

## ५. कोशेली घर (बिक्री केन्द) सञ्चालन तथा व्यवस्थापन :

५.१.कोशेली घर (बिक्री केन्द्र) लाई प्रभावकारी, व्यवस्थित एवं दिगो रुपमा सञ्चालन गर्नका लागी देहाय अनुसारका क्रियाकलापहरु अवलम्वन गरिनेछ ।

५.१.१.कोशेली घर बिक्री केन्द्र) (संञ्चालनको लागी घरेलु कपडा (ढाका) उधोगबाट उत्पादित कपडा तथा सामग्री वा हेण्डिक्राफ्ट र स्थानीय उत्पादनसंग सम्वन्धित व्यवसायमा संलग्न नगर पालिकाद्धारा प्रबर्द्धित उचित संस्था वा व्यक्तिको पहिचान गरि निज संस्था वा व्यक्तिसंग सम्झौता गरी सञ्चालन गरिनेछ,जसको सम्पुर्ण व्यवस्थापकिय जिम्मा सम्वन्धित संस्था वा व्यक्तिकोनै रहनेछ ।

५.१.२.कोशेली घर (बिक्री केन्द्र) सञ्चालन गर्ने संस्था वा व्यक्तिले नगर क्षेत्रमा उत्पादन भएका ढाका कपडा तथा हेण्डिक्राफ्ट र स्थानीय उत्पादनसंग सम्वन्धित अन्य उत्पादनहरु उचित मुल्य प्रदान गरी वढि भन्दा वढि संकलन तथा बिक्री गर्नेछ ।

५.१.३.उल्लेखित उद्यमीहरुलाई आवस्यक पर्ने कच्चा पदार्थ, मेसिन औजार उचित मुल्यमा कोशेली घरमा नै उपलव्ध हुने व्यवस्था कोशेली घरले समेत उपलब्ध गराउन सक्नेछ ।

५.१.४.उल्लेखित व्यवसायहरुवाट उत्पादित वस्तुहरुको प्रवर्द्धन,वजारीकरण तथा गुणस्तरिय उत्पादनमा जोड दिईनेछ,



उर्लावारी नगरपालिका

५.१.५.नगरपालिकाको तर्फवाट सहभागि हुनु पर्ने कुनै पनि मेला, प्रर्द्धशनी आदिमा कोशेली घर सञ्चालकलाई प्राथमिकताका साथ सहभागि गराईने छ ।

## ६. खरिद तथा विक्रि मुल्य निर्धारण :

६.१ उल्लेखित वस्तु उत्पादनमा संलग्न उद्यमीहरु/श्रमिकहरुलाई आफ्नो श्रमको उचित मुल्य अथवा पारिश्रमिक पाउने अवस्थाको सुनिश्चितता गर्न, उत्पादित वस्तुहरु सर्वसुलभ मुल्यमा अत्यधिक मात्रामा विक्रि वितरण गर्नका लागि नगरपालिकाको लेखा अधिकृत संयोजक, आर्थिक विकास अधिकृत सदस्य, नगर प्रमुखले तोकेको व्यवसायिको तर्फवाट २ जना सदस्य र कोशेली घर सञ्चालक सदस्य सचिव रहने गरी ५ जनाको वैठक वसि तत्कालिन वजार भाउ, लागत विश्लेषण आदिको आधारमा तय गरिनेछ ।

६.२ समितिको बैठकमा नगरपालिकाको सामाजिक विकास अधिकृतलाई आमन्त्रित सदस्यको रुपमा राख्नु पर्नेछ । आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

## ७. लाभांश वितरण :

७.१.कोशेली घर (बिक्री केन्द्र) सञ्चालनवाट प्राप्त भएको कुल आम्दानी रकमवाट सम्पुर्ण खर्च रकम घटाई वांकि रहेको मुनाफा रकमवाट लागत सहभागिताको आधारमा नगरपालिका र साझेदार विच भएको सम्झौताका आधारमा लाभांश वितरण गरिनेछ ।

उर्लाबारी नगरपालिका

७.२.यसका लागि साझेदार संस्था वा व्यक्तिले दैनिक खरिद/विक्रि तथा अन्य कारोवारको अभिलेख राख्नेछ,

७.३.उल्लेखित अभिलेखको रुजु मासिक रुपमा समितिले गर्नेछ,

७.४.कोशेली घर सञ्चालनको क्रममा प्राप्त भएको खुद मुनाफा रकमवाट लागत सहभागिताको आधारमा प्राप्त हुने हिस्सा नगरपालिकालाई वुझाउनु पर्ने छ भने वाँकि हिस्सा साझेदार आफैले राख्नेछ। मुनाफा प्रतिसत हेरफेर गर्न आबस्यक देखीएमा कोशेली घर संचालन तथा कार्यान्वयन समितिको निर्णय अनुसार गर्न सकिनेछ।

**८. कोशेली घर संचालनका लागि बजेट ब्यबस्थापन:**

८.१.उल्लेखित कोशेली घरलाई दिगो रुपमा सञ्चालन गर्नका लागी तपसिल बमोजिम बजेट ब्यबस्थापन गरिने छ।

८.१.१.नगरपालिकाबाट कोशेली घर सञ्चालन गर्न छुट्याएको रकम,

८.१.२.कोशेली घर सञ्चालन गर्ने संस्था वा व्यक्तिले गर्ने लागत सहभागिताको रकम,

८.१.३.प्रदेश वा संघबाट अनुदान प्राप्त रकम,

८.१.४.बिभिन्न संघ संस्था वा साझेदार दातृ निकायबाट अनुदान प्राप्त रकम,

८.१.५.उल्लेखित कोशेली घर सञ्चालन गर्न दान दातव्यबाट प्राप्त रकम।

उर्लाबारी नगरपालिका

## ९. लागत साझेदारी :

९.१.कोशेली घर स्थापना तथा यसको दिर्घकालिन सञ्चालनका लागि शुरुमा प्रारम्भिक लागत अनुमानको ७५ प्रतिशत रकम नगरपालिकाबाट र २५ प्रतिशत रकम साझेदार संस्था वा व्यक्तिवाट व्यहोरिनेछ,

९.२ कोशेली घर (बिक्री केन्द्र) को सजावट तथा ब्यावस्थापन पहिलो पटक उर्लाबारी नगरपालिकाले गर्नेछ। र नगरपालिकाकै स्वमित्वमा रहनेछ।

## १०. कोशेली घर संचालन तथा कार्यान्वयन समिति :

१०.१ प्रस्तुत कोशेली घर संञ्चालन गर्नका लागि देहाय अनुसारको समिति गठन गरिनेछ :

क. आर्थिक विकास समितिको संयोजक - संयोजक

ख. आर्थिक विकास शाखा प्रमुख वा प्र.प्र.अ.ले तोकेको अधिकृत - सदस्य

ग. सामाजिक विकास अधिकृत - सदस्य

घ. वस्तु उत्पादकहरुको प्रतिनिधि २ जना - सदस्य

ङ. साझेदार संस्था, फर्म, व्यक्ति १ जना - सदस्य सचिव

## ११.कोशेली घर संचालन तथा कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार :

(क) कोशेली घर संञ्चालन सम्बन्धि योजना निर्माण तथा कार्यान्वयनमा सहयोग गर्ने,

(ख) योजना कार्यान्वयन गर्न आवश्यक श्रोत/बजेट सुनिश्चितता गर्ने;

उर्लाबारी नगरपालिका

(ग) कोशेली घरलाई दिगो रुपमा सञ्चालनार्थ श्रोत संकलनका लागि सरकारी, गैरसरकारी, विकास साझेदार तथा निजि क्षेत्रका संघ संस्थाहरूसँग समन्वय गर्ने,

(घ) कोशेली घरवाट सञ्चालित कारोवारको नियमित अनुगमन गरी सम्बन्धीत पक्षलाई सुझाव दिने,

(ङ) कोशेली घर सञ्चालनमा कुनै समस्याहरु आई परेमा सोको निरुपण गर्ने,

(च) नियमित मासिक बैठक बस्ने, कारोवारको रुजु गर्ने, समिक्षा गर्ने तथा आवश्यक सल्लाह तथा सुझाब दिने र लिने ।

## १२. बैंक खाता सञ्चालन :

कोशेली घरको आर्थिक कारोवारलाई चुस्त दुरुष्त एवं पारदर्शिरुपमा सञ्चालन गर्नका लागि कोशेली घर सञ्चालन गर्ने साझेदार संस्थाको प्रमुख १ जना र नगरपालिकाको तर्फवाट प्रमुख प्रशासकीय अधिकृतले तोकेको १ जना गरि २ जनाको संयुक्त दस्तखतवाट सञ्चालन हुने गरी छुट्टै वैंक खाता खोली सञ्चालन गरिनेछ ।

## १३. रकम भुक्तानी तथा प्रगती प्रतिवेदन :

(क) साझेदार संस्था वा व्यक्तिसंग कोशेली घर सञ्चालनका लागी औपचारिक रुपमा सम्झौता सम्पन्न भए पश्चात सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रहि साझेदारको माग निवेदन वमोजिम नगरपालिकाले साझेदार संस्था वा व्यक्तिलाई वैंक खाता मार्फत रकम उपलव्ध गराउनेछ,

उर्लाबारी नगरपालिका

(ख) कोशेली घरवाट सञ्चालित सम्पुर्ण कारोवारहरुको विवरण समेटी मासिक प्रगति प्रतिवेदन तयार गरि साझेदार संस्था वा व्यक्तिले नगरपालिकामा पेश गर्नु पर्नेछ,

(ग) लाभांश वितरणको हकमा वुँदा नं.७.४ मा उल्लेख गरिए अनुरुप हुनेछ ।

**१४. खारेजी र बचाउ :** यो कार्यविधि लागु हुनु पूर्व यससँग सम्बन्धित भए गरेका कार्यहरु यसै कार्यविधि बमोजीम भए गरेको मानिनेछ ।

आज्ञाले,
अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

उर्लाबारी नगरपालिका